# बराहक्षेत्र नगरपालिका
# नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावना:**

यस नगरपालिकाको क्षेत्रभित्र रहेका निर्माण सामग्रीका रुपमाप्रयोग हुने ढुङ्गा, स्लेट, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट र माटो जस्ता नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो ब्यबस्थापन र सदुपयोग गर्न, निषेधित क्षेत्रबाट तथा विना स्वीकृति अवैध चोरी उत्खनन र निकासी नियन्त्रण गर्न, उत्खनन तथा निकासीमा वातावरणमैत्री विधि अपनाई नकारात्मक वातावरणीय प्रभावलाई न्युनिकरण गर्न, रोजगारीको सृजना गर्न, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुरुप उत्खनन गर्न निर्धारित गरेको क्षेत्रबाट निर्धारित परिमाणमा नदिजन्य सामाग्रीको उत्खनन गरि निर्माण सामाग्रीको सहज र सुलभ आपुर्ति गर्न, उत्खनन, प्रशोधन तथा बिक्री बितरण कार्यलाई पृथक गरि ब्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२)(प)(७) बमोजिम बराहक्षेत्र नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकारको प्रयोग गरी बराहक्षेत्र नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्तनाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम “बराहक्षेत्र नगरपालिकाको अधिकार क्षेत्र भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि बराहक्षेत्र नगरपालिकाको अधिकार क्षेत्रभरि लागू हुनेछ ।

(३) यो कार्यविधि बराहक्षेत्र नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “अनुगमन समिति” भन्नाले सुनसरी जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समिति र यस कार्यविधिको दफा २० बमोजिमको नगर प्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय अनुगमन समिति समेतलाई सम्झनु पर्दछ ।

(ख) “उद्योग” भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(ग) "कार्यविधि" भन्नाले "बराहक्षेत्र नगरपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि,२०७७" लाई सम्झनु पर्दछ ।

(घ) "घाटगद्दी" भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर सङ्कलन वा उत्खनन वा प्रशोधन गर्न चारकिल्ला तोकी छुटाइएको स्थान, संकलन गरि नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(ङ) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो तथा दहत्तर बहत्तर (काठ दाउरा) र नदीको वहावबाट बगी आउने सबैखाले प्राकृतिक वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

(च) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण (Initial Enviromental Examination (IEE)) भन्ने सम्झनु पर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा नेपाल सरकारका अन्य मन्त्रालयहरु समेतलाई सम्झनु पर्दछ ।

(ज) "मापदण्ड" भन्नाले दफा २१ बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(झ) "राजश्व" भन्नाले नदीजन्य पदार्थ र दहत्तर बहत्तर काठ दाउरा आदिबाट नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारले निर्धारण गरि प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

(ञ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन (Enviromental Empact Assessment(EEA))भन्ने सम्झनु पर्दछ । यसले मन्त्रालयबाट स्वीकृत नदिजन्य पदार्य उत्खनन तथा ओसारप्रसार गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (Initial Enviromental Examination) समेतलाई बुझाउनेछ ।

(ट) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्धी तथा बिक्री गर्न नेपाल सरकार तथा स्थानिय सरकारले निर्धारण गरेका प्रकृया पुरा गरि जारी गरेको इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(ठ) "शुल्क" भन्नाले वनक्षेत्र बाहिर उत्खनन सङ्कलन भएका नदीजन्य पदार्थ संकलन शुल्क तथा बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ड) “नगरपालिका” भन्नाले बराहक्षेत्र नगरपालिकालाई सम्झनु पर्दछ ।

(ढ) “परिमाण” भन्नाले उत्खननको लागि स्वीकृति दिँदा चारकिल्ला तोकी उत्खनन गर्न दिइएको अनुमानित परिमाण तथा घाटगद्धीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

(ण) “कार्यदल” भन्नाले यस नगरपालिकाको प्रमुखको संयोजकत्वमा गठित दफा १९ बमोजिमको कार्यदललाई सम्झनु पर्दछ ।

(त) “जि.स.स.” भन्नाले जिल्ला समन्वय समिति, सुनसरीलाई सम्झनु पर्दछ ।

(थ) “ऐन” भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र वन ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य :**

(क) यस नगरपालिकाको क्षेत्रभित्र नदिजन्य पदार्थको संकलन, उत्खनन, प्रसोधन तथा निकासी गर्दा प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदनको शर्तहरुको पालना गर्नु गराउनु ।

(ख) नदि क्षेत्र, संरक्षित क्षेत्र तथा नदिजन्य पदार्थ ओसारप्रसार गरिने मार्गको निर्धारण तथा वातावरणीय पक्षको संरक्षण गर्नु ।

(ग) नदिजन्य पदार्थको सन्तुलित उत्खननबाट निर्माण सामाग्रीको नियमित र दिगो आपुर्ति सुनिश्चित गर्नु ।

(घ) नगरपालिकाको राजश्व संकलन र बृद्धि तथा ब्यवस्थित गर्नु ।

(ङ) नगरपालिकाभित्र रोजगारीको अवसरलाई बृद्धि तथा व्यवस्थित गर्नु ।

(च) नगरपालिकाको प्राकृतिक स्रोत साधनको व्यवस्थित र दिगो प्रयोगलाई सुनिश्चित गर्नु ।

**४. कार्यविधिको क्षेत्र :** यो कार्यविधि बराहक्षेत्र नगरपालिकाको निम्न क्षेत्रभित्र लागु हुनेछ ।

(क) नगरपालिकाको क्षेत्रभित्र पर्ने सर्दू खोला, पटनाली खोला, बाग/बगुवाखोला र कोकाहखोलाको IEE प्रतिवेदनले उत्खनन तथा निकासी गर्न र्निदृष्ट गरेका क्षेत्रहरु ।

(ख) नगरपालिकाभित्र रहेका नदि, खोला तथा खहरेले नदिजन्य पदार्थ थुपारी प्रकोप जोखिम उत्पन्न हुने संभावना भई त्यस्ता नदिजन्य पदार्थ हटाउन पर्ने भएमा त्यस्ता क्षेत्र ।

(ग) नगरपालिका भित्रका नदि, खोला तथा खहरे छेउछाउका निजि जग्गामा नदिजन्य पदार्थ थुप्रिएमा सो हटाउन जग्गाधनिको निवेदन प्राप्त भएमा जग्गा जोगाउन स्विकृत परिमाण सम्म मात्र नदिजन्य पदार्थ हटाउन स्वीकृति दिएका त्यस्ता क्षेत्र र परिमाण भित्र ।

(घ) नगरपालिकाभित्रका विभिन्न सरकारी सार्वजनिक, गुठी र निजी जग्गामा थुप्रिएका नदिजन्य पदार्थ हटाउने भनि सम्वन्धित निकायबाट निर्णय भई आएमा उक्त क्षेत्र र परिमाण भित्र ।

(ङ) नगरपालिका क्षेत्रभित्रका कृषकले आफ्नो जग्गा खेति योग्य बनाउँदा, माछापालन गर्न पोखरी निर्माण गर्दा र कुनै कृषि व्यवसाय, फर्म संचालन गर्न नदिजन्य पदार्थ हटाउँदा निस्कने नदिजन्य पदार्थको स्वीकृत स्थान र परिमाण भित्र ।

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

### ५. अनुमति लिनु पर्ने :

(१) नदीजन्य पदार्थमा आधारित क्रसर उद्योग वायस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले अनुसूची (२) बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिँदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त अनुसूची ९ बमोजिमको मापदण्ड र देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनु पर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता कच्चा पदार्थ उपलब्ध गराउने स्रोतवाला सँग लिएको स्वीकृति सम्झौता सहितका प्रमाण संलग्न राख्नु पर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point समेत निर्दीष्ट गरेको हुनु पर्नेछ ।

(घ) उद्योगको क्षमता अनुसार न्यूनतम २ विघा जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनु पर्नेछ । साथै क्रसर उद्योगको र होम पाईप उद्योगको हकमा न्युनतम ३ विघा जग्गा स्वामित्व वा लिज वा भाडामा रहेको हुनु पर्नेछ । यस्तो जग्गा सार्वजनिक, पर्ति वा ऐलानी जग्गा हुनु हुँदैन ।

(ङ) नदिजन्य पदार्थ उत्खनन, प्रसोधन तथा बिक्रि गर्ने उद्योगले अनुमति लिन उद्योगमा प्रयोग हुने मेशिन तथा टिपरको संख्या तथा गाडी नम्बर समेत खुलाइ स्विकृति लिनु पर्नेछ ।

(च) उद्योग दर्ता तथा वार्षिक कर नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(४) यो कार्यविधि लागु हुनु पुर्व साविकमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले अनिवार्य रुपमा यसै कार्यविधि बमोजिम संचालन हुने गरि यो कार्यविधि स्वीकृत भएको मितिले ६ महिनाभित्र कार्यविधि बमोजिमको मापदण्ड पुरा गरि यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता भई सञ्चालनको अनुमती लिनु पर्नेछ । अन्यथा नगरपालिकाले समयावधि तोकि उद्योग बन्द गर्न वा स्थानान्तरण गर्न आदेश जारी गर्न सक्नेछ ।

(५) नगरपालिकाबाट स्वीकृति लिएका उद्योगहरुले तोकिएको दस्तुर बुझाई बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ ।

(६) श्रममुलक रुपमा हेभि उपकरणको प्रयोग विना परम्परागत रोजगारी तथा पारिवारीक जिविकोपार्जनको स्रोतको रुपमा बालुवा संकलन गर्ने नगरपालिका भित्रका बासिन्दाले समेत नगरपालिकामा सुचिकृत भई अनुमति लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको उत्खननको श्रम स्वीकृतिको लागी कुनै व्यक्तिले नगरपालिकामा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वडाको सिफारिस संलग्न राखी निवेदन दिएमा नगरपालिकाले प्रति परिवार २ जनाको दरले श्रममुलक रुपमा तोकिएका क्षेत्रबाट नदिजन्य पदार्थ संकलन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वीकृति प्राप्त व्यक्ति वा निजको परिवारले नदिजन्य पदार्थ उत्खनन गर्दा व्यक्ति तथा परिवारका सदस्यको परिचय खुल्ने गरि नगरपालिकाले अनुसुचि (३) बमोजिम उपलब्ध गराएको परिचयपत्र अनिवार्य रुपमा साथमै राख्नु पर्नेछ । उक्त परिचयपत्र नगरपालिको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्वन्धित शाखा हेर्ने अधिकृतले प्रमाणित गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम स्वीकृति प्रदान गर्दा उत्खनन गरिने नदि तथा खोला बहने वडा तथा नदि किनारका बासिन्दालाई प्राथमिकता दिइनेछ ।

(१०) नगरपालिकाबाट नदिजन्य पदार्थको संकलन तथा निकासी गर्न ठेक्काप्राप्त गर्ने ठेकेदारले नदिबाट परम्परागत पेशाको रुपमा श्रम प्रयोग गरि बालुवा उत्खनन गर्न स्वीकृति पाएका व्यक्तिलाई IEE को प्रावधान विपरित नहुने गरि उत्खनन गर्न रोक लगाउन पाइने छैन ।

(११) परम्परागत पेशाको रुपमा श्रम प्रयोग गरि बालुवा उत्खनन गर्न स्वीकृति पाएका व्यक्तिहरुसंग नदिजन्य पदार्थ खरिद गरि बिक्रि या प्रयोग गर्ने व्यक्ति वा फर्मले नियमानुसारको स्थानिय तथा अन्य कर अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

## परिच्छेद ३
## उत्खनन्, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था

**६. कार्ययोजना बनाउने :**

(१) नगरपालिकाले प्रत्येक आ.व.को जेठ मसान्तभित्र आगामी आ.व.को लागि देहायका कुराहरु समावेश गरी IEE प्रतिवेदनमा उल्लेख भएको प्रावधान अनुरुप नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) पूर्वाधार निर्माणको लागिचाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) भण्डारण वा घाटगद्दी स्थल ।

(ङ) बिक्री वितरणको प्रक्रिया ।

(च) सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्तहुने अनुमानित आम्दानी ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना अनुगमन समितिबाट फिल्ड निरीक्षण गराई, वन तथा नापिका प्रतिनिधि, विज्ञ तथा प्राविधिकबाट लिखित प्रतिवेदन तयार गरि अनुगमन समितिको सिफारिस बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना प्रदेश तथा संघीय कानुन बमोजिम कुनै निकायबाट स्वीकृत गर्नु पर्ने व्यवस्था भएमा सो समेत गर्नु पर्नेछ ।

**७. वातावरणीय अध्ययनः**

(१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) को लागि नगर कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्न पर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट प्रारम्भिक वातावरणीय परीक्षण वा

वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ र सो को एक प्रति नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) नगरपालिका र नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(४) यो कार्यविधि लागू हुनु अघि सञ्चालन भएका उद्योगले यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अद्यावधिक गराई स्वीकृति लिनु पर्नेछ । उल्लेखित अवधिभित्र स्वीकृति नलिएमा नगरपालिकाले उद्योग सञ्चालनमा रोक लगाउनेछ ।

**८. नदीजन्य पदार्थको उत्खनन र सङ्कलनः**

(१) राष्ट्रिय निकुञ्ज, आरक्ष क्षेत्र, वन क्षेत्र तथा IEE प्रतिवेदनले निषेधित गरेका क्षेत्र भित्रबाट नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्न पाइने छैन ।

(२) राष्ट्रिय वनको हकमा स्वीकृत वन कार्ययोजनामा उल्लेख भएको भए सोही बमोजिम र नभएको अवस्थामा डिभिजन बन कार्यालयबाट स्वीकृति लिई नगर स्तरीय अनुगमन तथा समन्वय समितिले स्थलगत निरीक्षण गरी आवश्यकता र औचित्य खुलाई सिफारिस गरेमा यस कार्यविधि बमोजिमको प्रक्रिया अपनाई सङ्कलन गर्ने क्षेत्र, परिमाण, समय र प्रक्रिया तोकी प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराई उत्खनन, सङ्कलन र बिक्री गर्न सकिनेछ ।

(३) वनक्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण गर्दा सम्वन्धित निकायबाट तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ ।

**९. उत्खनन विधि :**

यस कार्यविधि बमोजिम उत्खनन गर्दा उत्खनन कार्यको लागि स्वीकृति प्राप्त फर्म/व्यक्ति (ठेक्का लागेको समयमा ठेकदार वा ठेक्का नलाग्दा अमानतमा कर संकलन गर्न तोकिएको उपभोक्ता) ले देहायका शर्तहरुको पालना गर्नु पर्नेछ ।

(१) नदीजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रको परिमाण एकिन गर्दा दफा (२०) बमोजिमको स्थानिय अनुगमन समितिका पदाधिकारीहरु र स्थानीय बासिन्दा समेतको रोहवरमा IEE प्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

(२) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लागाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो स्थानबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

(३) नगरपालिकाले यस कार्यविधी बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार पसार गर्न अनुमति दिँदा कुनै एक स्थानलाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा नगरपालिकाबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममुलक प्रविधिको मात्र प्रयोग गरी नदिजन्य पदार्थ निकाल्ने/भारी यान्त्रीक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने । नदीको बहावलाई नियन्त्रण गर्न खोलाको तीन भागको एकभाग बिचमा च्यानिलिङ्ग गर्न मैशनरी औजारको प्रयोग गर्न सकिनेछ ।

(५) उत्खनन गर्दा भारी यान्त्रीक उपकरणको प्रयोग सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम गर्ने ।

(६) नदीजन्य पदार्थ उत्खनन्को कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन् गर्न नपाउने गरी नियमित अनुगमन गर्ने ।

(७) उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण नगरपालिकाको सहमतिका आधारमा गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधीको अनुसूचि (४) बमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन परिमाण खुलेका नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

(८) उत्खनन गरि सके पछि प्रशोधन पश्चात छाडीएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालीएको हो सोही स्थलमा लगी छाड्नु पर्ने छ । उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्नेछ । नदीको पानीको मौजुदा बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन । तर नापी नक्सा बमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा नगर कार्यपालिकाको निर्णयानुसार नदीलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

(९) उत्खनन कार्यको स्वीकृति प्राप्त ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र नगरपालिकाले बेला वेलामा दिएको निर्देशन पुर्ण रुपमा पालना गर्नुपर्ने छ ।

(१०) उत्खनन गर्दा पानीको सतह भन्दा १५ सेन्टीमिटर माथी छाड्नु पर्ने छ । उत्खनन सम्बन्धी IEE का सबै सर्त पालना गर्नुपर्ने छ ।

(११) उत्खनन स्थलमा अनुमति प्राप्त तोकिए बमोजिमका ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

(१२) उत्खनन स्थलमा काम गर्ने कामदारका लागि शौचालयको निर्माण गर्नु पर्नेछ । संकलक तथा प्रसोधन उद्योगले अन्य कुनै प्रकारका वातावरणीय क्षती पुऱ्याउने फोहरमैला तथा अन्य सह उत्पादनको व्यवस्थापन स्वयं गरि वातावरण प्रदुषण हुन नदिने व्यवस्था मिलाउनु पर्ने ।

(१३) उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधी र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लागायतका विवरणहरु अनुसूची (५) बमोजिमको ढाँचामा जानकारी मुलक सूचना बोर्ड तयार गरी अनिवार्य रुपमा राख्ने ।

**१०. उत्खनन परिमाण नियन्त्रण विधि :** उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्ने छ ।

(१) नगरपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमाभित्र रही उत्खनन आदेश दिनु पुर्व प्राविधिक नापजाँच तथा रेखाङ्कनका आधारमा पहिलो पटक उत्खनन लाईन दिने ।

(२) यस बमोजिम उत्खनन भई निकासी भएको स्थलमा कम्तीमा महिनाको १ पटक नगरपालिकाको अनुगमन समितिले अनुगमन गर्ने ।

(३) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको अनुसूचि (६) बमोजिमको ढाँचामा दैनीक उत्खनन अभिलेख राख्ने ।

(४) सम्झौता बमोजिम नदी, खोला, खहरे, खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको अनुसूची (६) बमोजिमको ढाँचामा दैनिक उत्खनन तेरजि तयार गरी प्रत्येक महिनाको ७ गते भित्र नगरपालिकामा पठाउने र नगरपालिकाले सो को अभिलेख राख्ने ।

**११. सूचना प्रकाशन गर्ने :**

(१) नगर कार्यपालिकाबाट स्वीकृत कार्ययोजना बमोजिम नगरपालिका भित्रका IEE गरिएका खोला, नदी, खहरे र नदी उकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी प्रदेश सरकारबाट तोकिएको दरको आधारमा अनुमानित आय तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलनको लागि ३० दिनको म्याद दिई दरभाउ पत्र वा वोलपत्र सम्बन्धी सूचना राष्ट्रिय वा प्रदेश स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना नगरपालिकाको सूचना

पाटीमा टाँस गरी वेभसाइटमा राख्नुका साथै बढी जनसम्पर्क हुने कार्यालयमा समेत पठाउनु पर्नेछ । अलग अलग स्थानमा उत्खनन तथा घाटगद्दी गर्नु पर्ने अवस्थामा अलग अलग प्याकेज बनाई दरभाउपत्र/बोलपत्र आव्हान गर्न सकिनेछ।

(३) यसरी सूचना प्रकाशन गर्दा दरभाउपत्र/वोलपत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान, खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, पेश गर्नु पर्ने कागजात र धरौटी सम्बन्धमा उल्लेख गर्नु पर्नेछ ।

(४) दरभाउपत्र/बोलपत्र पेश गर्दा आफूले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको पाँच प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(५) अन्तिम मितिसम्म दाखिला भएका दरभाउपत्र/बोलपत्रहरु सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता/बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ । दरभाउपत्रदाता/बोलपत्रदाताको अनुपस्थितिले तोकिएका उल्लिखित कार्य गर्न वाधा पर्ने छैन ।

(६) पहिलो पटक प्रकाशित सूचना बमोजिम पनि कुनै दरभाउपत्र/बोलपत्र नपरेमा वा परेका कुनै पनि दरभाउपत्र/बोलपत्र कानुन बमोजिम योग्य नभएमा पूर्व प्रकाशित सूचना अनुसार कम्तिमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि दरभाउपत्र/बोलपत्र दाखिला नभएमा वा स्वीकृत नभएमा दोस्रो पटकको भन्दा आधा अवधी राखी पुनः तेस्रो पटक सार्वजनिक सूचना जारी गर्नु पर्ने छ । तेस्रो पटकको सूचनाबाट पनि कुनै फर्म छनौट हुन नसकेमा स्वीकृत दररेटमा नघट्ने गरी सङ्कलन्, घाटगद्धी र बिक्रीको कार्य अमानतबाट गराउन सकिने छ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सोझै सम्झौता गरी कार्यादेश दिन सकिने छ ।

(७) दरभाउपत्र/बोलपत्र सम्वन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(८) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे र नदी उकास क्षेत्रको स्थान, उत्खनन् सङ्कल नहुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको विधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(९) संकलन/उत्खनन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ । एक उत्खननकर्तालाई एक स्थानमा मात्र घाटगद्धी गर्न स्वीकृति प्रदान गर्न सकिने छ ।

(१०) कार्यादेश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन्, र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्यमुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(११) संवेदनशील क्षेत्रवाट नदीजन्य पदार्थ उत्खनन् गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता भारी उपकरण प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

(१२) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा नगरपालिकाले सूचना प्रकाशित गरी नगरपालिकाभित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संबेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(१३) नदीजन्य पदार्थ उत्खनन सङ्कलन तथा घाटगद्दी गर्ने कार्य आषाढ १ गते देखि भाद्र महिनाको मसान्तसम्म गर्न पाइने छैन ।

(१४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ प्रकोप नियन्त्रणको लागि तत्काल हटाउनु पर्ने भएमा जिल्ला विपद् समिति तथा नगरपालिकाले अनुगमन गरि नगर कार्यपालिको निर्णयानुसार मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(१५) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल नगरपालिकामा बुझाउनु पर्नेछ र स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(१६) नगरपालिकाले अनुगमनको क्रममा IEE ले निर्दिष्ट गरे बमोजिम तथा सम्झौतामा उल्लेख भएको परिमाण बराबरको उत्खनन भई सकेको पाईएमा ठेक्का अवधी बाँकी रहे पनि उक्त नदि वा स्थानमा उत्खनन/संकलन कार्य रोक्नु पर्ने छ । यो प्रावधानलाई ठेक्का सम्झौतामा समेत उल्लेख गरिनेछ ।

**१२. सङ्कलन भण्डारण र घाटगद्दीको व्यवस्थाः**

(१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु पहिले नगरपालिकाले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषय सम्झौता पत्रमा उल्लेख गरि सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नु पर्नेछ । सङ्कलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नु पर्नेछ । घाटगद्दी तोक्दा वनक्षेत्र र अन्य क्षेत्रको अलगअलग छुट्टिने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा उत्खनन, सङ्कलन स्थलबाट न्यूनतम पाँच सय मिटरको दुरी कायम गर्नु पर्नेछ । वनक्षेत्र, सार्वजनिक जग्गा, ऐलानी तथा पर्ति जग्गा, विद्यालय क्याम्पस, धार्मिक स्थल, पानीको मुहान, सडक किनार र आवत जावतमा अवरोध हुने गरी घाटगद्धी गर्न पाइने छैन ।

(३) घाटगद्दी गर्दा संकलन/उत्खनन गरिएका नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) दहत्तर वहत्तर काठ दाउराको सङ्कलन र घाटगद्दी प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु स्थानीय तहले जफत गर्नेछ ।

(६) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसार पसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन । बिक्री गरेको पाइएमा स्थानीय तहले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

(८) नगरपालिकाले नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र बिक्री वितरण तथा घाटगद्दी स्थलको निरन्तर निरीक्षण अनुगमन गर्नु पर्नेछ ।

## परिच्छेद-४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर बिक्री तथा राजस्व बाँडफाँड

**१३.नदीजन्य पदार्थको सदुपयोग :**

(१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम नापजाँचको लागि स्थानीय तहमा निवेदन दिनु पर्नेछ र नगरपालिकाले नदीजन्य

पदार्थ सङ्कलन गर्ने क्षेत्रको व्यवसायीबाट निवेदन परेको सात दिनभित्र अन्तिम नापजाँच गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन गर्दा सम्झौता र यस निर्देशिकाको प्रतिकूल भए नभएको कुरा अनुगमन समितिको अन्तिम जाँच प्रतिवेदनमा खुलाउनु पर्नेछ

(३) अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले नगरपालिकाबाट बिक्री कार्य स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्दी स्थलबाट नदीजन्य पदार्थ बिक्री गर्न पाउने छ ।

(४) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन, उत्खनन गरेको पाइए नगरपालिकाले क्षतिको मूल्याङ्कन गरी कारवाही गर्नेछ ।

(५) नदीजन्य पदार्थ निकाल्दा IEE प्रतिवेदन बमोजिम नगरपालिकाले स्वीकृति दिएको वाहेकको नदीखोलाको किनार, वनक्षेत्र वाअन्य क्षेत्रबाट उत्खनन सङ्कलन गरेको कारण सो स्थानको पुनर्स्थापना गर्नु परेमा पुनर्स्थापना गर्दा लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट अनुगमन समितिको प्रतिवेदन बमोजिमको रकम असुल गरी पुनर्स्थापना गरिनेछ ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकता प्राप्त, प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरु तथा नगरपालिकाको गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रभित्रबाट नगर कार्यपालिकाले तोकेको स्थानबाट तोकेको परिमाणमा प्रदेश सरकारले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी नगरपालीकाले आयोजनालाई सोझै उत्खनन/सङ्कलन अनुमति दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सङ्कलन हुने नदीजन्य पदार्थ स्थानीय तहले तोकेको स्थानमा घाटगद्दी गर्नु पर्नेछ । घाटगद्दी प्रक्रिया यसै कार्यविधिको दफा १२ बमोजिम हुनेछ । घाटगद्दीबाट नदीजन्य पदार्थ उठाउँदा यसै परिच्छेदको प्रक्रिया पूरा गरी लैजानु पर्नेछ ।

(८) नदीजन्य पदार्थ उपलब्धताका आधारमा प्रदेश सरकारको कानून बमोजिम अन्तर प्रदेश निकासी गर्न सकिनेछ ।

(९) नदीजन्य पदार्थ विदेश निकासी सम्वन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**१४.नदीजन्य पदार्थको राजश्व दररेट र बाँडफाँड :**

(१) दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजस्वको दररेट प्रदेश सरकारले तोके बमोजिम हुनेछ । अन्य शुल्कहरु नगरपालिकाको कर तथा गैह्रकर सम्वन्धी प्रचलित कानून बमोजिम लाग्ने छन् ।

(२) कुनै कारणले राजश्व संकलनको शिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत नभएको अवस्थामा उक्त अवधीमा नगरपालिकाले कर्मचारी खटाई अमानतमा कर संकलन गर्नेछ ।

(३) नदीजन्य पदार्थको संकलन, बिक्री तथा निकासीबाट प्राप्त हुने राजश्व रकम प्रदेश वित्त व्यवस्थापन ऐन बमोजिम सम्बन्धित स्थानीय तह प्रदेश बिच बाँडफँाड हुनेछ ।

(४) स्थानीय तहले नदीजन्य पदार्थको बिक्रीबाट आफूलाई प्राप्त रकमको बढीमा पाँच प्रतिशत सम्म रकम नदीजन्य पदार्थ सङ्कलन, उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा खोला नदी किनार संरक्षणका कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) नगरपालिकाको क्षेत्रभित्र उत्खनन/संकलन भएको नदिजन्य पदार्थ नगरपालिकाभित्रका बासिन्दालाई अन्य व्यवसायिक प्रयोजनमा प्रयोग गर्न बाहेक नगरपालिकाभित्र घर टहरा निर्माण गर्ने प्रयोजनमा बिक्रि गरि नगरपालिका बाहिर निकासी नभएको अवस्थामा संकलन शुल्क बाहेक निकासी शुल्क लाग्ने छैन ।

(६) नदिजन्य पदार्थको बजार बिक्री मुल्य प्रदेश कानुनले तोके बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुने छ ।

## परिच्छेद-५

## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी

**१५. ढुवानी तथा ओसार पसार सम्बन्धी व्यवस्था :**

(१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

(ख) ढुवानीका साधनले भारवहन क्षमता भन्दा बढी सामाग्री लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन । नदिजन्य पदार्थ निकासी गर्दा निसान/ट्याक्टर, मिनि ट्रक/मिनि टिपर, ट्रक/टिपर प्रयोग गरि क्रमश अधिकतम १००, १८० र २५० क्यू. फि. सम्म लोड गरि निकासी गर्न, पाइनेछ । लोड सिमाको अनुगमन नेपाल प्रहरीले गर्नेछ ।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ ।

(घ) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनले ढुवानी अवधीभर नदि प्रवेश निस्सा र राजस्व तिरेको निस्सा साथमा राख्नु पर्नेछ ।

(ङ) निकासीकर्ता तथा ढुवानी कर्ताले अनुसूची ७ बमोजिमको पटके निकासी निस्सा अनिवार्य रुपमा भर्नु पर्नेछ ।

(च) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन । सवारी साधन बिग्रेमा निकासीकर्ताले तुरुन्त अर्को साधनको व्यवस्था गरि बिग्रेको सवारी साधन सडकबाट हटाउनु पर्नेछ ।

(छ) शहर वा बजार क्षेत्र तथा मुल सडकमा नदीजन्य पदार्थ बोकेको सवारी साधनलाई नगरपालिकाले सूचना जारी गरि निश्चित समयभित्र मात्र तथा निश्चित बाटो प्रयोग गरि चलाउने व्यवस्था गर्न सक्ने छ ।

(ज) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको तथा वस्तीहरूमा द्रूतगतिमा ढुवानी साधन चलाउन (प्रति घण्टा ४० कि.मि.भन्दा बढी गतिमा), प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन ।

(झ) मुल सडकबाट उत्खनन गर्ने स्थानसम्मको बाटोको नियमित मर्मत सम्भार तथा धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खनन तथा निकासीकर्ताले गर्नु पर्नेछ ।

(ञ) उत्खनन स्थल सम्म जाने बाटो वन क्षेत्र भई खोल्नु पर्ने भएमा सम्वन्धित वन कार्यालयको स्वीकृति लिनु पर्ने छ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भार मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) नगरपालिकामा नदीजन्य पदार्थ ओसार पसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(४) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

**१६. निषेधित कार्यहरुः**

(१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थानबाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन, सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ गरि उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन, सङ्कलन तथा बिक्री वितरण गर्न र स्वरुप परिवर्तन हुने गरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

(ञ) प्रारम्भिक प्रतिवेदन एंव कार्यविधि विपरित हुने गरी नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

(ट) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

(ठ) नदि, खोला तथा खहरेको बहाव परिवर्तन हुने गरि उत्खनन गर्ने ।

**१७. सजायको व्यवस्थाः**

(क) दफा १६ को उपदफा (१) बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफका कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

(ख) नगरपालिकाको अनुमति प्राप्त नगरी नदिजन्य पदार्थको उत्खनन, संकलन, चोरी निकासी गरेमा, अनुमति बिना नदिमा एक्जाभेटर, डोजार तथा ट्रिपर आदि साधन लगि उत्खनन, संकलन गरेमा चोरी निकासीमा प्रयोग भएको सामान जफत गरि जनहि स्काभेटर, डोजरको लागि रु १ लाख, टिपरको लागि रु ५० हजार, मिनि ट्रिपर रु ५० हजार, मिनि ट्रकलाई रु २० हजार, निशान ट्रकलाई रु १५ हजार, ट्रयाक्टरलाई रु २५ हजार र चोरी निकासी गर्ने व्यक्तिलाई रु २५ हजार जरिवाना गरिनेछ ।

(ग) प्रचलित मापदण्ड, यस कार्यविधि तथा निर्देशन पालना नगर्ने उद्योग व्यवसायलाई नगरपालिकाले नगरपालिकाले संचालनमा रोक लगाउन सक्ने छ ।

## परिच्छेद-६
## अनुगमन मूल्याङ्कन

### १८. अनुगमन सम्बन्धी व्यवस्था :

IEE प्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न दफा (१८), (१९) र (२०) बमोजिमको अनुगमन सयन्त्र तथा कार्यदल परिचालन गरिनेछ ।

(१) नगरपालिकाको प्रमुख संयोजक रहेको गठित नगर स्तरीय अनुगमन समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्वन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन तथा ओसार पसारको कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न नगर कार्यपालिकाको कार्यालयले नगर स्तरीय अनुगमन समिति (दफा २०) लाई जिम्मेवारी तोक्न सक्नेछ ।

(३) उत्खनन र संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन र सकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको नेपाल प्रहरीबाट जुनसुकै बेला अनुगमन गर्न सक्ने गरी परिचालन गर्ने ।

(४) नगरपालिकाद्वारा अनुगमन र उत्खनन संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न नगरपालिकाले अनुगमन समिति गठन गर्ने ।

(५) अनुगमन कार्यमा लाग्ने खर्चको लागि नगरपालिकाले आवश्यक व्यवस्था गर्ने ।

### १९. कार्यदल गठन :

(१) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन, भण्डारण, ओसार पसार र विक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्न गराउनका लागि एक नगर स्तरिय प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण कार्यदल गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यदलमा देहाय बमोजिमका पदाधिकारी रहने छन् ।

(क) नगर प्रमुख, बराहक्षेत्र नगरपालिका - संयोजक

(ख) उपप्रमुख, बराहक्षेत्र नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) संयोजक, वातावरण तथा विपद व्यवस्थापन समिति - सदस्य

(ङ) नगरपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य

(च) प्रतिनिधि, नगरपालिकाभित्रको ईलाका प्रहरी चौकीको प्रमुख - सदस्य

(छ) संयोजकले मनोनयन गरेको नगर कार्यपालिकाको सदस्य १ जना - सदस्य

(ज) विपद तथा वातावरण शाखा प्रमुख - सदस्य सचिव

(३) प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण कार्यदलको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, भण्डारण, प्रशोधन तथा विक्री वितरण सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउने साथै आवश्यकता अनुरुप जिल्ला समन्वय समिति, प्रदेश मन्त्रालय र संघीय मन्त्रालयसंग आवश्यक समन्वय गर्ने ।

(ख) यस सम्बन्धी नीति, नियम, मापदण्ड तर्जुमा, नियमन र संशोधनका लागि कार्यपालिकालाई सुझाव दिने ।

(ग) यस सम्बन्धी कुनै विवाद भए समन्वय गरी निरुपण गर्ने ।

(घ) अन्य स्थानिय तहसंग कुनै विवाद भएमा विवाद समाधानको लागि समन्वय गर्ने ।

(ङ) नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरुको स्थलगत सर्वेक्षण गरी प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) गर्न लगाउने । स्वीकृत प्रावधान र प्रतिवेदनको कार्यान्वयन र अनुगमान गर्न लगाउने र अनुगमन प्रतिवेदन बमोजिम आवश्यक कारवाही र सुधारको व्यवस्था मिलाउने ।

(च) अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व चोरी गरी उत्खनन र संकलन तथा ओसार पसार वा स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित कार्य गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई नगरपालिकाको कानुन बमोजिम जरिवाना गर्ने ।

(४) आवश्यकता अनुसार समितिले थप कार्य विवरण आफै बनाई लागू गर्ने ।

(५) अनुमति विना उत्खनन, संकलन तथा निकासी गर्ने, सम्झौता तथा IEE प्रतिवेदन विपरित काम गर्नेलाई नगरपालिकाको आर्थिक ऐन वा कार्यपालिकाको निर्णय बमोजिम जरिवाना गरिने छ ।

(६) माथी ३(च) बमोजिम प्राप्त हुने जरिवानाको १० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्न सकिने छ ।

**२०.नगर स्तरिय अनुगमन समिति :**

(१) नगरपालिका स्तरमा नदीजन्य पदार्थको उत्खनन, सङ्कलन्, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्य कार्यान्वयन, समन्वय, अनुगमन र नियमन्, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न नगरपालिकाले देहाय बमोजिमको नगर स्तरिय अनुगमन समिति गठन गर्नेछ ।

(क) नगर प्रमुख-संयोजक

(ख) नगरपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य

(ग) प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्वन्धित वडाका वडाध्यक्ष - सदस्य

(ङ) प्रतिनिधि सव डिभिजन वन कार्यालय - सदस्य

(च) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - सदस्य

(छ) प्रतिनिधि उत्खनन क्षेत्र नजिकको सामुदायिक वनका अध्यक्ष - सदस्य

(ज) सम्वन्धित प्रहरी ईकाई/कार्यालयको प्रमुख - सदस्य

(झ) विपद् तथा वातावरण शाखाको प्रमुख - सदस्य सचिव

(२) नगर स्तरिय अनुगमन समितिको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाभित्र स्थापना हुने उद्योगले वातावरण, कृषि, मानवबस्ती, पानीका मूल, ताल, ऐतिहासिक तथा धार्मिक पोखरी, महत्वपूर्ण स्रोत सम्पदा र भौतिक संरचना लगायतमा पार्न सक्ने प्रभावबारे प्रस्ताव, वातावरणीय प्रतिवेदनको अध्ययन, फिल्ड निरीक्षण गरी नगरस्तरिय प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण कार्यदल मार्फत कार्यपालिकालाई राय सुझाव दिन ।

(ख) माथि उल्लेखित अनुगमन व्यवस्था अनुसार नदीजन्य पदार्थको उत्खनन तथा ओसार पसारका लागि प्रचलित कानून व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधिमा गरिएको प्रावधानहरुको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजश्व चोरी

गरि हुन सक्ने ओसारपसार, अनुमति बेगर भारी यान्त्रीक औजारको प्रयोग गरी गरिने उत्खनन लगायतका विषयमा अनुगमन गरी शर्त उलङ्घन गर्ने उपर कारवाही गर्न नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन दिन सक्ने ।

(ग) नगरपालिकामा सञ्चालित नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात् पार्ने असर बारे अध्ययन, निरीक्षण गरी प्रतिवेदन दिने ।

(घ) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य IEE प्रतिवेदनका शर्त, कानून सम्मत, यस कार्यविधि अनुरुप र सम्झौता बमोजिम कार्यान्वयन भए नभएको नियमन गरि कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ङ) सडकको भारवाहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा तोकिएको मूल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरित सङ्कलन, उत्खनन र प्रशोधन वा विक्री भएमा नियमन गर्ने व्यवस्था मिलाउने ।

(च) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाटगद्दी, ढुवानी र बिक्री सम्बन्धी नगरपालिकाको कार्ययोजना कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भैसकेपछि पर्न सक्ने सामाजिक, आर्थिक र वातावरणीय प्रभावबारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने ।

(छ) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाहीको लागि सिफारिस गर्ने ।

(३) अन्य कार्यविवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२१. प्राविधिक समिति : नगरपालिका स्तरमा नदीजन्य पदार्थको उत्खनन, संकलन् गर्न प्रारम्भिक वातावरण परिक्षण अनुसार तोकिएको क्षेत्रमा सिमाकंन गर्न नगरपालिकाले देहायनुसारको प्राविधिक समिति गठन गर्नेछ ।

१. विपद तथा वातावरण शाखा प्रमुख : संयोजक

२. प्राविधिक शाखाको प्रमुख : सदस्य

३. प्राविधिक शाखाको एक जना ओभरसियर : सदस्य

४. नगरपालिकाको अमिन एक जना : सदस्य

कार्यविवरण :

क) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य IEE प्रतिवेदन अनुसार स्वीकृत खोलाहरुमा सिमाकंन गर्ने साथै समय समयमा

तोकिएको क्षेत्रमा कानून सम्मत, कार्यविधि अनुरुप र सम्झौता बमोजिम कार्यान्वयन भए नभएको अनुगमन गरी अनुगमन समितिका संयोजकलाई जानकारी गराउने ।

ख) अन्य कार्यविवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

**२२. नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड :**

(१) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७०।३।२७ र मिति २०७०।५।१७ को निर्णय तथा जनसंख्या तथा वातावरण मन्त्रालयको रोडा ढुङ्गा संकलन तथा क्रसर उद्योग दुरी सम्वन्धि मापदण्ड, २०७३ लाई मुल आधार मानी नदीजन्य पदार्थ उत्खनन्, सङकलन् र घाटगद्दी सम्बन्धमा अनुसूची (८) र नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि अनुसूची (९) बमोजिमको दूरी सम्बन्धी मापदण्ड लागू हुनेछ ।

(२) नदिजन्य पदार्थमा आधारित उद्योग स्थापनाको स्वीकृति लिन वडाको सर्जिमिन मुचुल्का, IEE प्रतिवेदन, सम्वन्धित निकायको उत्खनन स्वीकृति वा स्वीकृति प्राप्त आपुर्तिकर्तासंगको सम्झौता, उद्योग स्थापना, उत्खनन तथा घाटगद्धिको स्थान, क्षेत्रफल खुलेको रेखाङ्कन सहितको नक्शा, जग्गा भाडाको सम्झौता, नागरिकताको प्रतिलिपि लगायतका कानुन बमोजिमका अन्य आवश्यक कागजात संलग्न राखी निवेदन दिनु पर्ने छ ।

(३) नगरपालिकाभित्र संचालित उद्योगहरुले अनुगमनको समयमा अनुगमन समितिलाई पुर्ण सहयोग गर्नु पर्नेछ ।

(४) नदिजन्य पदार्थको प्रशोधन सम्वन्धी उद्योग स्थापना गर्दा साइड ड्रेन तथा थिग्राउने पोखरीको निर्माण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(५) नगरपालिकाभित्र संचालित उद्योगले नियमिति रुपमा संकलन, प्रशोधन, निकासी तथा बिक्री परिमाणको लगत राख्नु र नगरपालिकामा बुझाउनु पर्नेछ ।

(६) नगरपालिकाभित्र संचालित उद्योगहरुले खुद नाफाको २ प्रतिशत रकम नगरपालिकाभित्रको प्रभावित क्षेत्रमा भु तथा वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

(७) नदिजन्य पदार्थ संकलन गर्न स्वीकृति प्राप्त क्षेत्रमा संघ, प्रदेश वा स्थानिय सरकारले कुनै गौरवका योजना संचालन गर्नु पर्ने भएमा पुर्व सूचना दिएर उक्त क्षेत्रबाट नदिजन्य पदार्थ संकलन कार्य स्थगन गराउन सक्नेछ ।

(८) उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषयहरु प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

**२३. वातावरणीय पुनर्स्थापना :**

(१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसके पछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न नगरपालिकाले योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषिभूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा, नदीखोला र आसपासका क्षेत्रको भूबनौट, प्राकृतिक सुन्दरता, वनजङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न नगर अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

**२४. विविध :**

(१) यो कार्यविधि लागू हुनु पहिले सञ्चालनमा रहेका उद्योगले कार्यविधि लागू भएको एक महिनाभित्र आफ्नो उद्योगमा रहेको कच्चा वा प्रशोधित मालवस्तुको परिमाण सहितको विवरण, प्राप्तिको स्रोत, चालु आ.ब.को विक्री वितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ । तत्पश्चात् उत्खनन्, सङ्कलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) ढुंगा, ग्राभेल, गिट्टी, बालुवा, माटो, चट्टानखानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारले संघीय कानुनमा व्यवस्था गरे अनुसार हुनेछ ।

(३) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगमा काम गर्ने मजदुर संगको श्रम सम्झौता, नियुक्तीपत्र, प्रचलित कानुन बमोजिमको तलब सुबिधा, मजदुरको बीमा, स्वास्थ्य सुरक्षा, तालिम र सुरक्षा सामग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

(४) नगरपालिकाभित्र संचालित कुनै पनि उद्योगले उत्खनन, संकलन, प्रसोधन, बिक्री बितरण तथा निकासी गर्दा कुनै पनि प्रकारले बाल श्रमिकको प्रयोग गर्न पाउने छैन ।

(५) संघ, प्रदेश वा स्थानिय तहले आफैं वा साझेदार संस्थासंगको सहकार्यमा संचालन गर्ने विशेष आयोजनामा प्रयोग गर्न संघीय तथा प्रदेश कानुनले व्यवस्था गरे अनुरुपको प्रक्रियाबाट नदिजन्य पदार्थ संकलन तथा प्रयोगमा यो कार्यविधिले कुनै अवरोध पुऱ्याएको मानिने छैन ।

**२५. थपघट तथा हेरफेरः**

(१) यो कार्यविधि आवश्यकता अनुसार नगर कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधि अन्तरगत व्यवस्था गरिएका प्रावधानको बारेमा कुनै अस्पष्टता भएमा सोको व्याख्या गर्ने अन्तिम अधिकार नगर कार्यपालिकालाई हुनेछ र कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

**२६. बाधा अड्काउ, फुकाउः**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**२७. खारेजी र बचाऊः**

(१) यो कार्यविधि लागू हुनु पहिले नदीजन्य पदार्थको, उत्खनन् सङ्कलन, विक्री वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानून तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ ।

## अनुसूची १

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनुपर्ने दरखास्तको ढाँचा

मिति : ............/....../........

श्रीमान् प्रमुख ज्यू ।
बराहक्षेत्र न.पा. चक्रघट्टी, सुनसरी ।

बिषय : अनुमतिपत्र पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत बिषयमा देहाय बमोजिमको उद्योग सञ्चालन गर्न ईच्छुक भएकोले हाम्रो/मेरो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं । यस पत्रमा लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१.फर्मको पूरा नाम :
२. फर्मको पूरा ठेगाना :
३. उद्योग सञ्चालन गर्ने स्थान (लोकेशन म्याप समेत) :
४. उद्देश्य :
५. पूँजी :
६. कारोबार गर्ने वस्तु तथा कामको विवरण :
७. संलग्न कागजातहरु : (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नविकरण गरेको प्रमाण, स्वघोषणा सम्बन्धी कागज, IEE प्रतिवेदन, आर्थिक, व्यवस्थापकिय तथा प्राविधिक प्रतिवेदन, VAT/PAN दर्ता प्रमाणपत्र, वडाको मुचुल्का, वडाको सिफारिस)

दरखास्तवालाको नाम :
सही :
नागरिकता नम्बर :
सम्पर्क नं. :

## अनुसूची २

(दफा ३ को उपदफा २ सँग सम्बन्धित)

**नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको अनुमतिपत्रको ढाँचा**

**बराहक्षेत्र न.पा.को कार्यालय**

**चक्रघट्टी, सुनसरी ।**

**नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन**

**अनुमतिपत्र**

इजाजतपत्र नं. : मिति : ........./....../.......

श्री ..................................

.......................................

महाशय,

तपाईको फर्म/कम्पनीले ..................... सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति ........... को निर्णयानुसार ..................... कार्य गर्ने गरी यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमति प्राप्त गर्ने फर्म/कम्पनीको नाम :

२. फर्म/कम्पनी संचालकको नाम : ३. PN/VAT नम्बर :

४. ठेगाना : ५. प्रवेश तथा निकासी नाका :

६. फर्म/कम्पनी सञ्चालन हुने स्थान : ७. GPS लोकेशन :

८. चार किल्ला :

**अनुमति प्रदान गर्ने अधिकृतको**

नाम :

दर्जा :

दस्तखत :

मिति :

चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

द्रस्टव्य : यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १००० रुपैयाँ दस्तुर लाग्नेछ ।

## अनुसूची ३

(दफा ५ को उपदफा८ सँग सम्बन्धित)

**बराहक्षेत्रनगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी

## परम्परागत पेशाको रुपमा श्रममुलक विधिले नदीजन्य पदार्थ उत्खनन गर्ने अनुमति परिचय-पत्र

फोटो

नाम :

ठेगाना :

नागरिकता नं. :

परिवार संख्या :

सदस्यहरु :

१.
२.
३.
४.
५.

अनुमतिको मान्य अवधि : ............................देखि ..............................सम्म

कार्यालयको छाप

**स्वीकृति प्रदान गर्ने अधिकारीको**

नाम :

पद :

हस्ताक्षर :

मिति :

**अनुसूची ४**
**(दफा ९ को उपदफा ७ सँग सम्बन्धित)**

**बराहक्षेत्र नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी

**पटके नदी प्रवेश आदेश**

बराहक्षेत्र नगरपालिकाका .................... नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिणाम नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम : समय :
नदी प्रवेश आदेश मिति : प्रवेश आदेश नं.:

**नदी प्रवेश आदेश विवरण**

१.नदीजन्य पदार्थ ओसार पसार गरी लैजाने नाकाको नाम :
ठेगाना : सम्पर्क नं :
२. ओसार पसार गरिने नदीजन्य पदार्थको नाम :
३. नदीजन्य पदार्थको ढुवानी गरी लैजाने साधनको नाम : सवारी नं.:
४. निकासी गरी लैजाने नदीजन्य पदार्थको परिणाम : ............घनफुट
५. ओसार पसार गरि लैजाने स्थान :
६. निकासी गरी लैजाने नदीजन्य पदार्थको प्रयोजन (कुनै एकमा चिन्ह लगाउने)
क) निजी निर्माण ख) सार्वजनिक निर्माण ग) प्रशोधन पछि बिक्री

नोट : यो आदेश बिना सवारी साधन नदीमा प्रवेश गर्न, नदीजन्य पदार्थको ओसार पसार गर्न र नदीजन्य पदार्थ संचय वा भण्डार गर्न निषेधित गरिएको छ । कहिँ कतै त्यस्तो पाइएमा नगरपालिकाको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलित कानून बमोजिम सजाय समेत हुनेछ ।

**प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधिको नाम, थर :**
हस्ताक्षर :
मिति :

## अनुसूची ५

(दफा ९ को उपदफा १३ सँग सम्बन्धित)

## उत्खनन स्थलमा राख्नुपर्ने सूचना पाटीको नमुना

**बराहक्षेत्र नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी

बराहक्षेत्र नगरपालिकाका ......................... नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयन सन्दर्भमा उत्खनन स्थलमा सार्वजनिक जानकारीको लागि राखिएको ।

नदीजन्य पदार्थ उत्खनन गरिने स्थल

.........................

**उत्खनन विवरण**

१. नदी/खोलाको नाम :

२. घाटको नाम :

३. उत्खनन हुने परिमाण (घनफुटमा) :

४. उत्खनन कार्यमा प्रयोग हुने साधन :

५. उत्खनन गर्ने कार्य गर्ने अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना :

६. उत्खनन गर्ने अवधि : मिति ............/....../......गतेबाट उल्लेखित परिमाण निकालुन्जेल वा २०........साल ............. भित्र मध्ये जुन पहिला हुन्छ ।

नोट : कुनै शिकायत, गुनासो वा थप जानकारीका लागि बराहक्षेत्र नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मोबाइल नं. ९८५२०८४१११ वा कार्यालयको फोन नं. ०२५-५५११४७ मा सम्पर्क गर्नुहुन ।

# अनुसूची ६

(दफा १० को उपदफा ३ सँग सम्बन्धित)

**उत्खननकर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन अभिलेख**

**बराहक्षेत्र नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी

बराहक्षेत्र नगरपालिकाका ......................... नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयन सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम :

उत्खनन गरिएको नाका वा घाटको नाम :

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय चक्रघट्टी, सुनसरी कोशी प्रदेश, नेपाल

## अनुसूची ७

(दफा १५ को उपदफा ङ सँग सम्बन्धित)

**नदीजन्य पदार्थको दैनिक पटके विक्री अभिलेख तेरिज**

**बराहक्षेत्र नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी

बराहक्षेत्र नगरपालिकाका ........................ नदी/खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयन सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाट भएको नदीको नाम :

उत्खनन गरिएको नाका वा घाटको नाम :

| क्र.सं. | निकासीमिति | पटके विक्रीआदेश नं. | पटके विक्रीभएको परिमाण | बाँकी परिमाण | लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ८

(दफा २१(१) सँग सम्बन्धित)

## नदीजन्य पदार्थ उत्खनन, संकलनका लागि निर्धारित दुरी सम्बन्धी मापदण्ड

| क्र.सं. | विवरण | नगरपालिका क्षेत्रमा |
|---|---|---|
| १. | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार | ३०० मिटर |
| २. | ताल तलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | ३०० मिटर |
| ३. | २२० के.भी. भन्दा कमको हाईटेन्सन लाइनबाट | १०० मिटर |
| ४. | २०० के.मी. भन्दा माथिको हाईटेन्सन लाइनबाट | २०० मिटर |
| ५. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक साँस्कृतिक, पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | ५०० मिटर |
| ६. | निकुन्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्रबाट | ५०० मिटर |
| ७. | घनाबस्तीबाट | ५०० मिटर |
| ८. | वनक्षेत्रबाट | ५०० मिटर |
| ९. | झोलुङ्गे पुलबाट | २०० मिटर |
| १०. | पक्की पुलबाट | ५०० मिटर |
| ११. | राष्ट्रिय लोकमार्गको Right of Way बाट | ५०० मिटर |
| १२. | प्रदेश स्तरको लोकमार्गको Right of Way बाट | २०० मिटर |
| १३. | स्थानीय स्तरका कृषि तथा ग्रामिण सडकको Right of Wayबाट | १०० मिटर |

नोट : दुरी मापन गर्दा उत्खनन, संकलन क्षेत्रको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ ।

# अनुसूची ९

(दफा २१(१) सँग सम्बन्धित)

## होम पाइप, क्रसर, वासिङ लगायत नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको लागि निर्धारित दुरी सम्बन्धी मापदण्ड

| क्र.सं. | विवरण | नगरपालिका क्षेत्रमा |
|---|---|---|
| १. | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार | २०० मिटर |
| २. | ताल तलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | ३०० मिटर |
| ३. | २२० के.भी. भन्दा कमको हाईटेन्सन लाइनबाट | १०० मिटर |
| ४. | २०० के.मी. भन्दा माथिको हाईटेन्सन लाइनबाट | ३०० मिटर |
| ५. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक साँस्कृतिक, पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ किलोमिटर |
| ६. | निकुन्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्रबाट | १ किलोमिटर |
| ७. | घनाबस्तीबाट | ५०० मिटर |
| ८. | वनक्षेत्रबाट | ५०० मिटर |
| ९. | झोलुङ्गे पुलबाट | २०० मिटर |
| १०. | पक्की पुलबाट | ३०० मिटर |
| ११. | राष्ट्रिय लोकमार्गको Right of Way बाट | ५०० मिटर |
| १२. | प्रदेश स्तरको लोकमार्गको Right of Way बाट | ३०० मिटर |
| १३. | स्थानीय स्तरका कृषि तथा ग्रामिण सडकको Right of Waybाट | १०० मिटर |

नोट : दुरी मापन गर्दा उत्खनन, संकलन क्षेत्रको बाहिरी घेराबाट मापन गर्नु पर्नेछ।

**प्रमाणित गर्नेको :**

दस्तखत :

नाम थर : राजेश प्रसाद पोखरेल

दर्जा : प्रमुख प्रशासकीय अधिकृत

पृष्ठ संख्या : ३२

मिति : २०७७/०८/२४

कार्यालयको छाप :